# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, भदौ २२ गते २०४६ साल (संख्या २२

## भाग ३

### श्री ५ को सरकार
### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खेसरी, खेसरीको दाल र खेसरीको पीठो नेपाल अधिराज्यबाहिर निकासी र नेपाल अधिराज्यभित्र पैठारी गर्न मनाही गरेकोले यो आदेश जारी गरेको छ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

369



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी प्यूठान जिल्लाको विजयनगर, बिजुवार र खलंगा समेतलाई समेटी नगर विकास योजना संचालन गर्न देहायबमोजिमका पदाधिकारी रहने गरी विजयनगर–खलंगानगर विकास समिति गठन गरेको छ ।

१) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, प्यूठान –अध्यक्ष
२) सभापति, जिल्ला विकास समिति, प्यूठान –सदस्य
३) श्री मुक्तिप्रसाद सुबेदी –सदस्य
४) श्री हरिराम भट्ट –सदस्य
५) श्री खेमराज पण्डित –सदस्य
६) श्री दुर्गाप्रसाद श्रेष्ठ –सदस्य
७) श्री भिमबहादुर विष्ट –सदस्य
८) श्री उमाराम पोखरेल –सदस्य
९) श्री धर्मराज भण्डारी –सदस्य
१०) श्री रामबहादुर खड्का –सदस्य
११) श्री दिलबहादुर मगर –सदस्य
१२) प्रमुख, जिल्ला मालपोत कार्यालय, प्यूठान –सदस्य
१३) प्रमुख, जिल्ला खानेपानी शाखा, प्यूठान –सदस्य
१४) प्रमुख, जिल्ला नापी कार्यालय, प्यूठान –सदस्य
१५) प्रमुख, भवन र आवास तथा शहरी विकास शाखा, प्यूठान –सदस्य-सचिव

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

३८९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भृकुटी मण्डपस्थित टेलिहलको नियमित प्रदर्शनमा बाधा नपुर्‍याउने गरी श्री अनन्त अंग्रेजी स्कूल टिकाथली ललितपुरको सहायतार्थ मिति २०४९।५।६ का दिन प्रदर्शन हुने नेपाली कथानक भिडियो चलचित्र "शंका" को प्रदर्शनमा लाग्ने मनोरञ्जनकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी थापाथली क्याम्पसको लागि साइकेयी युनिभर्सिटी जापानद्वारा उपहार स्वरूप आउने देहायका सामानहरूमध्ये सवारी साधनमा १० प्रतिशत र अन्य सामानमा ५० प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र बिक्रीकर छूट दिने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. इसुजु रिकण्डीशन डिजेल इन्जीन – १ थान
२. रिपेयर किट – १ थान

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

362



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।